# नेपालगंज उप–महानगरपालिका

नगर कार्यपालिकाको कार्यालय

नेपालगञ्ज, बांके

लुम्बिनी प्रदेश, नेपाल

## औषधी तथा सर्जिकल सामाग्री खरिद सम्बन्धी बोलपत्र आह्वानको सूचना

(सूचना प्रकाशित मिति ः २०७८।१०।०९)

नेपालगंज उप–महानगरपालिकाको आ.व.२०७८।७९ लागि आवश्यक पर्ने औषधी तथा सर्जिकल सामाग्री खरिद गर्नु पर्ने भएकोले सम्बन्धित इजाजतपत्र प्राप्त इच्छुक ब्यक्ति, फर्म, तथा कम्पनीबाट निम्न शर्तहरुको अधिनमा रही रित पूर्वकको ३० (तीस) दिने बिद्युतीय (E-bidding) बोलपत्र आह्वान गरिएको छ ।

१. अद्यावधिक नविकरण गरेको ईजाजतपत्र, स्थायी लेखा नम्बर प्रमाणपत्र, मू.अ.कर दर्ता प्रमाणपत्रको प्रतिलिपि, आ.व.०७७/०७८ सम्मको आयकर चुक्ता प्रमाणपत्रको प्रतिलिपि र निवेदन सहित तोकिएको बोलपत्र दस्तुर रु.३००० (तीन हजार) तिरी (पछि फिर्ता नहुने) यो सूचना प्रकाशित भएको मितिले ३१ औँ दिन दिनको १२:०० बजे भित्र बोलपत्र दाताले सार्वजनिक अनुगमन कार्यालयको **www.bolpatra.gov.np** बाट **download** तथा **upload** गर्न सक्ने ब्यवस्था गरिएको छ। यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक नेपालगंज स्थित आम्दानी खाता ४१३०१००३०१०१०००२ मा जम्मा गरेको भौचरलाई बोलपत्र कागजात साथ **upload** गर्नु पर्नेछ ।

२. दर्ता भएका बोलपत्रहरु सोही दिन दिनको १४:०० बजे दरभाउपत्रदाता वा निजहरुका प्रतिनिधिहरु र कार्यालयका प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिने छ । बोलपत्र दाता वा निजको प्रतिनिधी उपस्थित नभएका पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन

३. बोलपत्र खरिदको अन्तिम दिन तथा दर्ता गर्ने वा खोल्ने दिन सार्वजनिक विदा परेमा सो को भोली पल्ट क्रमशः कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

४. बोलपत्र साथ रु.१,,५०,०००।००. (अक्षरुपी एक लाख पचास हजार रुपैया मात्र) रकम बराबर नगदै यस कार्यालयको राष्ट्रिय बाणिज्य बैंक लि, स्थित यस कार्यालयको धरौटी खाता नं. ४१३०१००३०३००००००२ मा जम्मा गरेको भौचर वा मान्यत प्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको प्रचलित कानुनले तोकेको मान्य अवधि भएको जमानीपत्र (विडवन्ड) पेश गर्नु पर्नेछ ।

५. बोलपत्र स्वीकृत भएपछि सूचना अनुसारको अंकको सार्वजनिक खरिद ऐन २०६३ र नेपालगंज उप–महानरपालिकाको सार्वजनिक खरिद नियामावली २०७६ अनुसार हुने रकम बरावरको धरौटी यस उप–महानगरपालिकाको राष्ट्रिय बाणिज्य बैंक लि. नेपालगँज स्थित धरौंटी खाता नं. ४१३०१००३०३००००००२ मा जम्मा गरेको बैंक भौचर वा कार्यालयले तोकेको अवधि सम्मको बैंक कार्यसम्पादन जमानत पत्र पेश गर्नु पर्ने छ ।

६. बोलपत्र साथ सम्बन्धित बोलपत्र दाताले खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको, खरिद कार्यबाहीमा आफनो स्वार्थ नबाझिएको र पेशा सम्बन्धी कसुरमा आफुले सजाय नपाएको भनी लिखित रुपमा ब्यक्त गरेको स्व–घोषणा कागजातमा हस्ताक्षर गरेको र सहिछाप लगाएको हुनुपर्नेछ ।

७. बोलपत्र दाताले बोलपत्र मा दररेट भर्दा मूल्य अभिबृद्धिकर बाहेकको दररेट उल्लेख गर्नुपर्नेछ ।

८. सारभूत रुपमा प्रभावग्राही दरभाउपत्रहरुमध्ये आइटमबाइज रुपमा सबैभन्दा घटीदर कबोल गर्ने फर्मको बोलपत्र स्वीकृत गरिनेछ

९. दरभाउपत्र स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार उप–महानगरपालिकालाई हुनेछ ।

१०. रित नपुगेको, म्याद नाघी प्राप्त भएको वा केरमेट भै अंक/अक्षर नबुझिने बोलपत्र दाताको हस्ताक्षर नभएको दरभाउपत्र उपर कुनै कारबाही हुने छैन ।

११. औषधि खरिद गर्दा **GMP Certified Company** बाट उत्पादित औषधिहरु मात्र खरिद गरिने छ र बोलपत्रको साथमा सोको प्रमाणित प्रतिलिपी पेश गर्नुपनेछ । बोतलमा सप्लाई हुने औषधिहरु प्लाष्टीक बोतलमा भएको हुनु पर्नेछ र बांकी औषधीहरु स्ट्रीपमा हुनुपर्नेछ ।

१२. खरिद हुने औषधिहरुको म्याद सम्बन्धमा उक्त औषधिको यस कार्यालयमा बुझाउंदा सम्म Manufacturing Date बाट Expiry Date कम्तीमा ७५ प्रतिशत दिन बांकी हुनुपर्नेछ। सो भन्दा घटी म्याद भएका औषधिहरु स्वीकार गरिने छैन ।

१३. औषधि आपुर्तीकर्ताले आपूर्ती गर्ने औषधिहरुको बोतल तथा स्ट्रीप लगायतका सम्पूर्ण औषधि तथा समाग्रीहरुमा **निःशुल्क वितरणका लागि** भन्ने उल्लेख भएको हुनु पर्नेछ ।

१४. औषधी सप्लाई गर्ने कम्पनीले फर्महरुको नाममा औषधिहरुको छुट्टाछुट्टै Manufactures Authorization Letter प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ ।

१५. अन्य हकमा सार्वजनिक खरिद ऐन २०६३, र नेपालगंज उप–महानरपालिकाको सार्वजनिक खरिद नियामावली २०७६ बमोजिम हुनेछ । थप जानकारीको लागि कार्यालयको फोन ं.०८१-५२०१५१ मा सम्पर्क गर्न सकिने छ ।

| सूचना नं. | बिवरण | जमानत रकम |
|---|---|---|
| NSMC/NCB/G01/078/79 | औषधी तथा सर्जिकल सामाग्री खरिद | रु.१,५०,०००। |

प्रमुख प्रशासकीय अधिकृत